# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कार्यकारी निर्देशकले बिना प्रक्रिया परिषद्को रकम खर्च गरेको, स्करपियो गाडी खरिद गरी बिक्री गर्दा अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी बलराम ठाकुर बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को कार्यकारी निर्देशकको पदमा मिति २०७५।०८।०५ देखि मिति २०७९।०८।०४ सम्म कार्यरत अवधिमा निज प्रतिवादी बलराम ठाकुरले अन्य प्रतिवादीहरुसँगको आपसी मिलेमतो तथा योजनामा निजी प्रयोग प्रचलनको लागि बा १३ च २०३७ नम्बरको स्कर्पियो गाडी खरिदको लागि बैना दिए लिएको एक वर्ष पश्चात निजले श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा उक्त गाडी यातायात कार्यालयबाट नामसारी गरे गराएको देखिएकोमा निज बलराम ठाकुरले गाडी नं. बा.१६ च ६४७ को गाडी धनी मुकेश यादवसँग गाडी भाडामा लिन सम्झौता गरेको देखाई गाडी भाडा भुक्तानीको लागि निवेदन, सम्झौता लगायतको गलत लिखत तयार गरी गराई निज मुकेश यादवको नाममा रु.१०,००,०००।— चेक काटेको देखाई निज बलराम ठाकुरले श्रीमतीको नाममा खरिद गरेको गाडी विक्रेताको बैंक खातामा गैरकानूनी रुपमा **रु.१०,००,०००।**-भुक्तानी गरे गराएको,

यात्री निवासको मर्मतसम्भारको लागि मधेश प्रदेश सरकारबाट आ.व. २०७५/०७६ मा रु.९०,००,०००।- प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन/नियमावली पालना नगरी नगराई बदनियत राखी बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जस्तो सार्वजनिक संस्थाको यात्री निवास मर्मतसम्भार कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गरी गराई मिति २०७६।०३।१७ गते योजना सम्झौता गरे गराएको, सम्झौता भएको २ दिन पश्चात उपभोक्ता समितिमार्फत मिति २०७६।०३।१९ गते "पेश्की रकम पाउँ बारे" निवेदन तयार गरी गराई सोही दिन योजनाको कुल लागतको ५० प्रतिशत रकम बलराम ठाकुरको सिफारिसमा उपभोक्ता समितिलाई चेकमार्फत रु.४५,००,०००।- रकम निकासा गरे गराएको, उपभोक्ता समिति अध्यक्ष विजय कुमार चौधरी र कोषाध्यक्ष बविता देवी साहले उक्त रकमबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कम्प्यूटर अधिकृत कृष्ण मुरारी सिंहको नाममा रु.१४,९९,०००।—र सोही परिषद्का सवारी चालक विक्की कुमार चौधरीको नाममा रु.४,००,०००।- गरी चेकमार्फत उपभोक्ता समितिको खाताबाट **रु.१८,९९,०००।-** भुक्तानी गरे गराएको देखिएको, उक्त रकमहरुमध्ये निज कृष्ण मुरारी सिंहमार्फत रु.१२,५०,०००।- प्रतिवादी बलराम ठाकुरको श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा खरिद गरिएको स्करपियो गाडीको भुक्तानी वापत गाडी बिक्रेताको बैंक खातामा गैरकानूनी रुपमा रकम दाखिला गरे गराएको देखिएको,

यात्री निवास सौन्दर्यीकरण र गेट निर्माणको लागि नेपाल सरकारबाट आ.व.२०७६।७७ मा यात्री निवासको सौन्दर्यीकरणमा रु.१७,००,०००।- र गेट निर्माणको लागि रु.१०,००,०००।- प्राप्त गरेकोमा दुई फरक

योजनाको लागि मिति २०७६।०५।०४ गते एउटै उपभोक्ता समिति गठन गरी गराई कार्य शुरु भईसकेकोमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को कार्यकारणी समितिबाट उक्त कार्य उपभोक्ता समितिबाट गर्ने गरी मिति २०७६।०७।०९ गते मात्र निर्णय भए गरेको, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति काम गराउने कार्यविधि लगायतको कानूनी व्यवस्था रहेकोमा उक्त कानूनी व्यवस्थाको पालना नगरी नगराई बदनियत राखी सार्वजनिक संस्था बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को यात्री निवास सौन्दर्यकरण तथा गेट निर्माण कार्य उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न निर्णय गरी गराई मिति २०७६।०५।१३ गते सम्झौता गरेकोमा उक्त कार्य उपभोक्ता समितिमार्फत नगरी नगराई प्रतिवादीहरुले ठेकेदार जितेन्द्र कुमार यादवमार्फत कार्य सम्पन्न गराई उपभोक्ता समितिको चेकमार्फत रु.९,९९,०००।- रकम भुक्तानी दिए लिएको देखिएको, भुक्तानी भएको रकममध्येबाट जितेन्द्र कुमार यादवले प्रतिवादी बलराम ठाकुरको श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा खरिद गरे गराएको स्करपियो गाडीको भुक्तानी वापत **रु,२,००,०००।-** दाखिला गरेको देखिंदा निज बलराम ठाकुरले अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी आफ्नो जिम्मामा रहेको सार्वजनिक संस्था/बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को हिनामिना भएको रकम मध्ये रु.२४,५०,०००।— श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा खरिद गरेको स्करपियो गाडीको भुक्तानी वापत गाडी बिक्रीकर्ताको बैंक खातामा दाखिला गरे गराएको देखिएको,

साथै, आ.व. २०७६।७७ देखि आ.व. २०७९।८० सम्म बा१३च २०३७ नं.को आफ्नो निजी स्करपियो गाडीमा इन्धन र मोबिल बापत गैरकानूनी तवरबाट **रु. ९,२६,७३१।४१,** आ.व. २०७६।७७ देखि आ.व. २०७७।०७८ सम्म उक्त गाडी मर्मत वापत गैरकानूनी तवरबाट **रु.४,२६,११३।७९** र सोही निजी स्करपियो गाडी भाडामा लिएको देखाई गैरकानूनी तवरबाट **रु.७,२०,०००।**—भुक्तानी लिए दिएको देखिंदा गैरकानूनी लाभ लिने दिने उद्देश्यले मिलेमतो गरी उक्त गाडी खरिदको भुक्तानी लिन दिन बिभिन्न गलत लिखत तयार गरी भुक्तानी लिएको, सोही निजी गाडीको ईन्धन, मर्मत र कार्यालयको लागि भाडामा लिएको भनी गलत लिखत तयार गरी गराई निज प्रतिवादी बलराम ठाकुरले अन्य प्रतिवादीहरुसँगको मिलोमतो तथा योजनामा तल तालिकामा उल्लेख भए बमोजिम बिभिन्न शिर्षकमा गरी **रु.५१,७१,८४४।७४** हिनामिना/हानिनोक्सानी गरी दुरुपयोग गरे गराएको पुष्टि भएको हुँदा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरजन्य कार्य भएको हुँदा देहायका प्रतिवादीहरु उपर देहायबमोजिम सजायको मागदावी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक **बलराम ठाकुर** | रु.५१,७१,८४४।७४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन एवं गलत लिखत कागजात तयार गरे गराएको हुँदा भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ को दफा ९ वमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन,<br>साथै निज बलराम ठाकुर परिषद्मा कार्यकारी निर्देशक पदमा कार्यरत रही भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसूर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का लेखापाल **सावित्री गिरी** | रु.३०,७२,८४४।७४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन साथै, गलत लिखत तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसूर गरेकोले सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रशासकीय अधिकृत **चिरंजीबीराज शर्मा ढुङ्गाना** | रु.१०,०१,८७६।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन साथै, गलत लिखत तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिमको कसूर गरेकोले सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कम्प्यूटर अधिकृत **कृष्ण मुरारी सिंह** | रु.१४,९९,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | बृहत्तर जनकपुर क्षेत्र | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा |

| | | | |
|---|---|---|---|
| | विकास परिषद्का सवारी चालक **विक्की कुमार चौधरी** | | सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन मागदावी लिइएको छ। |
| ६. | उपभोक्ता समिति अध्यक्ष **विजय कुमार यादव** र कोषाध्यक्ष **बविता देवी साह** | रु.२०,९९,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगो मुख्य कसूरदारहरुवाट असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका बस्ने ठेकेदार **जितेन्द्र कुमार यादव** | रु.२,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगो मुख्य कसूरदारहरुवाट असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | प्रतिवादी बलराम ठाकुरको श्रीमती | रु.४५,२२,८४५।०२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने |

| | | | |
|---|---|---|---|
| | **इन्दुलेखा कुमारी ठाकुर** | | मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगो मुख्य कसूरदारहरुवाट असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

# समग्रमा बा१३च २०३७ नं.को स्करपियो गाडी सम्बन्धमा बलराम ठाकरसमेतले हानिनोक्सानी/हिनामिना गरेको रकम सम्बन्धि तालिका।

| आ.व.२०७५/७६ यात्री निवास मर्मत संभार उपभोक्ता समितिको खाताबाट चेक मार्फत बुझेको रकम | | | |
|---|---|---|---|
| क.म | रकम बुझ्ने | कारोवार मिति | रकम |
| १. | कृष्ण मुरारी सिंह | ११ जुलाई २०१९(२०७६।०३।२६) | रु.९,९९,००० |
| २. | कृष्ण मुरारी सिंह | १२ जुलाई २०१९(२०७६।०३।२७) | रु.५,००,००० |
| ३. | विक्री कुमार चौधरी | ०४ अगस्ट २०१९(२०७६।०४।१९) | रु.४,००,००० |
| | | कुल रकम | रु.१८,९९,००० |

| कृष्ण मुरारी सिंहले देण्डी शेर्पाको खातामा दाखिला गरेको रकम | |
|---|---|
| कारोवार मिति | रकम |
| २२-०८-२०१९ (२०७६।०५।०५) | रु.११,००,००० |
| २४-०९-२०१९ (२०७६।०६।०७) | रु.१,५०,००० |
| कुल रकम | रु.१२,५०,००० |

मुकेश यादवको नामको फर्जी चेकबाट Endorsed गरी ECC मार्फत मिति २५-०९-२०१९ (२०७६।०६।०८) गते देण्डी शेर्पाको खातामा दाखिला गरेको रकम रु.१०,००,०००।-

| आ.व.२०७६/७७ यात्री निवास सौन्दर्यीकरण तथा गेट निर्माण उपभोक्ता समितिको खाताबाट जितेन्द्र कुमार यादवले चेक मार्फत बुझेको रकम | |
|---|---|
| कारोवार मिति | रकम |
| ०३अक्टोबर २०१९(२०७६।०६।१६) | रु.९,९९,००० |

| जितेन्द्र कु.यादवले देण्डी शेर्पाको खातामा दाखिला गरेको रकम | |
|---|---|
| कारोवार मिति | रकम |
| २५-१०-२०१९ (२०७६।०७।०८) | रु.२,००,०००।- |

**<u>बा १३ च २०३७</u>**

बलराम ठाकुरले बैना गरी स्वामित्व बुझी एक वर्ष पछि श्रीमती इन्दुलेखा कुमारी ठाकुरको नाममा मिति २०७७।०४।२१ गते देण्डी शेर्पाबाट खरिद गरेको स्करपियो गाडी।

देण्डी शेर्पाको नबिल बैंकको खाता नं. ३२१००१७५०६३२० मा परिषदको कोषबाट हिनामिना भएको रकम मध्ये भुक्तानी भएको। कुल रु.२४,५०,०००

**<u>इन्धन</u>**

आ.व. २०७६।७७ देखि आ.व.२०७८।७९ सम्ममा बा १३ च २०३७ नं.को निजी गाडीमा परिषदबाट डिजल र मोबिलमा खर्च गरेको रकम रु.९,२६,७३१.४१।

**<u>मर्मत</u>**

आ.व. २०७६।७७ देखि आ.व.२०७७।७८ सम्ममा बा १३ च २०३७ नं.को निजी गाडीमा परिषदबाट मर्मतमा खर्च गरेको रकम रु.४,२६,११३.७९।

**<u>गाडी भाडा</u>**

बा १३ च २०३७ नं.को निजी गाडी परिषदले १ मिति २०७७।०४।०१ देखि मिति २०७८।०३।३० सम्म भाडामा लिई खर्च गरेको रकम रु.७,२०,०००।